# *सावर्णि* उपन्यासमा विज्ञान विषयक स्वैरकल्पना

**दीपकप्रसाद ढकाल**
**उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर ।**
deepakdhakal973@gmail.com

## लेखसार

प्रस्तुत लेख विज्ञानसम्बद्ध स्वैरकल्पनाका कोणबाट तयार गरिएको छ । 'साविर्णि' उपन्यासमा पृथ्वी नामक ग्रह र यसको भविष्यको विषयलाई आख्यानीकरण गरिएको छ । पृथ्वी आकाशीय पिण्ड हो । हरेक पिण्डका आफ्नै भौतिक गुण हुन्छन् । भौतिक पिण्डमा अन्तर्निहित यही गुणले पिण्डको गति र दिशा पनि तय गरेको हुन्छ । मानवले यस्तो भौतिकीय पक्षलाई कल्पनाको आधारमा पनि बोध गरेको हुन्छ । 'सावर्णि' उपन्यासमा यही पक्षलाई आख्यानीकरण गरिएको छ । त्यसैले विज्ञान विषयक स्वैरकल्पनाका कोणबाट प्रस्तुत लेख तयार गरिएको हो । लेख तयारीका निम्ति पुस्तकालय कार्यबाट प्राथमिक सामग्री 'सावर्णि' उपन्यास चयन गरएको छ । विज्ञान विषयक स्वैरकल्पना सम्बद्ध सैद्धान्तिक सामग्रीलाई द्वितीयकका रूपमा पुस्तकालय कार्यबाट नै चयन गरएको छ । लेखमा अन्तरिक्षीय पिण्ड प्रणालीको वैज्ञानिक पक्ष, मानवको सृष्टिका विषयमा पौराणिक मिथकमा प्रचलित कथा र सूचनाप्रविधिको वर्तमान युगान्तकारी परिवर्तनले मानव जीवनमा पारेको प्रभावलाई विश्लेषणका क्रममा समष्टिमा प्रयोग गरिएको छ । त्यसैले यसमा अन्तर्विषियक पद्धतिको प्रयोग भएको छ । आरम्भमा विश्लेषणको सैद्धान्तिक सूचक दिई उपन्यासका अंशलाई तथ्यका रूपमा प्रयोग गरिएकाले यसमा निगमनात्मक पद्धतिको प्रयोग भएको छ । उपन्यासमा आख्यानीकरण गरिएका घटनाको अन्तर्यमा रहेको विचार पर्गेल्ने र सामान्यीकरण गर्ने सिलसिलामा आगमनात्मक पद्धतिको पनि प्रयोग गरिएको छ । विश्लेषणका आधारमा 'सवर्णि' अन्तर्विषयक उपन्यास हो । मानवले पृथ्वीमा आजकै अवस्थामा अहङ्कार र आणविक शक्तिको होड जारी राखेमा उसको जैविकीय गुण नै समाप्त हुनसक्ने कल्पना यसमा गरिएको छ । पृथ्वी ब्रमाण्डको आदि र अन्त्य दुवै हो भन्ने परम्परागत बुझाइको विकल्पमा विकसित भएको ब्रह्माण्डीय चिन्तन र यसको आगामी गतिका बारेमा यसमा आख्यानीकरण गरिएको छ । मानवको आगामी जैविकीय प्रणाली र अस्तित्वका बारेमा गरिएको गहिरो चिन्ता नै यस उपन्यासको मुख्य विचार हो ।

*शब्द/पदावलीकुञ्जी* : उत्तरमानव, जैवयान्त्रिक, मिथक, सघन सूक्ष्मता, स्वैरकल्पना

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८१/०२/३०, पुनरावलोकन मिति : २०८१/०६/१०, लेख स्वीकृत मिति : २०८१/०७/१०
प्रकाशक : त्रि वि प्राध्यापक संघ महेन्द्र मोरङ क्याम्पस एकाइ समिति विराटनगर ।

## विषयपरिचय

*सावर्णि* (२०८१) श्रीधर खनालको भर्खर प्रकाशित उपन्यास हो । पेसाले चिकित्सक रहेका उनले प्रविधि संस्कृतिले मानव व्यवहारलाई गाँजेको वर्तमान विश्व परिवेशको भविष्यतर्फ सृजनात्मक चासो राखेको देखिन्छ । सावर्णि शब्दको अर्थ व्युत्पादनका क्रममा "सवर्णाया अपत्यं पुमान्, अत इञ् इति इञ्" (ढुङ्गाना, २०७८, पृ. १३२७) उल्लेख छ । अर्थात् सूर्यको छोरा आठौँ मनु भनी ग्रहहरूको सृजनामा सूर्य नै मुख्य आधार रहेको र अन्तरिक्षीय पिण्ड प्रणाली विकास भएको भन्ने ब्रह्माण्ड विकासको भौतिक दृष्टिकोण व्यक्त गरिएको छ । *सावर्णि* उपन्यासका सन्दर्भमा यसको केही पृथक् अर्थगत प्रयोग देखिन्छ । पृथ्वी नामक ग्रहमा रहेका प्राकृतिक मानव र तिनको जैविक प्राणालीबाट दीक्षित भई प्राकृतिक मानवको विनाशपछि जैवप्रविधिमा आधारित मानवको स्रष्टा भन्ने अर्थका निम्ति यस उपन्यासमा प्रयोग गरिएको छ । मनव

आफ्नो मस्तिष्क र त्यसको सृजनात्मक क्षमताको अद्वितीय प्रयोग गरिरहेको छ तर आफ्नै भविष्यसमेत सङ्कटमा पर्ने खतरा पनि सामुन्ने छ । अनुसन्धानका आयाम पृथ्वी नामक ग्रहमा सकिएको जसरी वा निकट भविष्यमा पृथ्वी मानवका निम्ति प्रतिकूल बन्ने भए जसरी अन्तरिक्ष मण्डलको अध्ययनमा वैज्ञानिक जुटेका छन् । एकातिर पृथ्वीबासी मानव प्रविधिको अधिकतम प्रयोगका कारण आफ्नै मस्तिष्कको सहजात क्षमता गुमाउने पुग्दै छ भने अर्कातिर मङ्गल ग्रहसम्मको सराइको तयारीमा जुटेको छ । यही गतिमा मानवका सृजनात्मक गतिविधि प्रविधिमा केन्द्रित बन्दै गएमा तथा आर्थिक एवम् मानसिक लगानी प्रविधिमा खर्च भएमा आजको मानवको आगत कस्तो होला । मानवको अस्तित्व पृथ्वीमा रहला । पृथ्वी प्रतिकूल बनेर मङ्गलमा सरेको अवस्थामा तिनको जीवन कति दीगो होला । समयको अनन्ततामा मङ्गल ग्रहका बासिन्दाका निम्ति पृथ्वीनामक ग्रह र आफ्ना पुर्खा नै प्रिय लाग्ने तथा तिनका जीवनशैलीप्रति तीब्र लगाव हुने दिन पनि आउन सक्ला कि भन्ने कल्पनाको आधार भूमिमा *सावर्णि* उपन्यासको वस्तु केन्द्रित गरिएको छ । प्रस्तुत अध्ययनमा कथावस्तुको प्रकृति स्वैरकल्पना भएको र विज्ञान विषयक कल्पना प्रयोग भएकाले यसैमा शोध्य समस्या केन्द्रित गरिएको छ । भर्खर प्रकाशित उपन्यास भएकाले यस कृतिका विषयमा लेखक स्वयंको स्विकारोक्ति तथा आवरण पुष्पिकाबाहेक पूर्वकार्य भएको देखिँदैन ।

## अध्ययनको विधि

प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले चयन गरिएको छ । शोधको क्षेत्र र समस्या पाठकीय अनुभव तथा विषयवस्तुको सघनताका आधारमा चयन गरिएको छ । क्षेत्र र समस्यासम्बद्ध सामग्री पुस्तकालय कार्यबाट लिइएको छ । त्यसैले प्राथमिक सामग्री *सावर्णि* उपन्यास र द्वितीयक सामग्री विज्ञान आख्यानमा स्वैरकल्पना विश्लेषणका आधारबारे भएका अध्ययन पुस्तकालयबाट नै चयन गरिएका छन् । विश्लेषणका सूचक निर्माणमा नेपाल (२०५९) को सङ्क्षिप्त श्रीमद्भागवत कथामृत, लामिछाने (२०७८) को क्वान्टम सिद्धान्त आधुनिक विज्ञानको नवीनतम अन्वेषण र शर्मा (२०७८) समालोचनाका नयाँ कोण प्रयोग गरिएको छ । सैद्धान्तिक सूचक आरम्भमा दिई उपन्यासका अंशलाई तथ्यका रूपमा प्रयोग गरिएकाले निगमनात्मक विधिको प्रयोग भएको छ । सामान्यीकरणका सिलसिलामा उपन्यासका तथ्याधारित भई निष्कर्षमुखी गरिएकाले आगमनात्मक विधि पनि प्रयोग भएको छ ।

## विश्लेषण

*सावर्णि* उपन्यास प्रविधि संस्कृतिद्वारा घेरिएको आजको मानव, हिन्दू पौराणिक मिथक, अन्तरिक्षीय पिण्ड प्रणाली र तिनको गति तथा प्रविधिको सर्वोपरि स्थान बन्न पुगेको वर्तमान दिक् (space) र काल (time) को आख्यानीकरण हो । उपन्यासकारले आज नेपाली समाजमा रहेको प्रविधि केन्द्रित बनेको दिक् तथा त्यस्तो दिक्मा गतिशील बनेको मानवलाई केन्द्रमा राखेर घटना, पात्र, परिवेश, सन्देशको बुनोट तयार गरेका छन् । त्यसैले प्रस्तुत विश्लेषणमा कृत्रिम बौद्धिकता, अन्तरिक्षीय पिण्ड प्रणाली, पात्रको पुनःनिर्माण, मिथकीय पुनःनिर्माण र उत्तरमानवका कोणबाट विश्लेषण गरिएको छ ।

## कृत्रिम बौद्धिकता

कृत्रिम बौद्धिकता विज्ञान आख्यान (science fiction) मा प्रयोग भएको प्रणाली हो । मानवले अनुसन्धान र मस्तिष्कको सृजनात्मक क्षमता प्रयोग गरेर वैकल्पिक मस्तिष्क तयार गरेको छ । यस्तो वैकल्पिक यान्त्रिकी कृत्रिम बौद्धिकता हो । विज्ञान आख्यानमा स्रष्टाले भोगेको प्राकृतिक पर्यावरणभन्दा भिन्न दिक् चित्रण गरिएको हुन्छ । "...उपन्यास र कथामा प्रस्तुत गरिएको वा व्यक्त गरिएको त्यस्तो परिवेश जुन सामान्यतः प्राकृतिक रूपमा अनुभव गरिएको हुन्न, अन्तरिक्षमा रहेका अन्य ग्रह र समानान्तर ब्रह्माण्डका निम्ति विज्ञान आख्यान पदावली प्रयोग गरिन्छ" (अब्राम्स, सन् २००४, पृ. २७८) ।

कृत्रिम बौद्धिकता मानवले सृजना गरेको प्रणालीगत यान्त्रिकी भएकाले यसको प्रयोग पनि विज्ञान आख्यानमा नै हुन्छ । "कम्प्युटरबाट इन्टरनेट सञ्जाल प्रयोग गरी यन्त्रमानवलाई कसरी मानवकै अनुरूपण गरेर प्रस्तुत गर्न सकिन्छ भन्ने प्राक्कल्पनाको इलेक्ट्रोमेकानिकल (electromechenical) प्रणालीमा कृत्रिमबुद्धिमत्ता प्रयोग गरिएको हो" (ढकाल, २०७९, पृ.४०) । इन्टरनेटका माध्यमबाट तरङ्गमा फैलिएका सूचनालाई एकीकृत (accumulate) गर्ने प्रणाली कृत्रिम बौद्धिकता हो । प्रविधिको उन्नत अवस्था विकास भएसँगै विविध क्षेत्र (E learning, personal assistance siri, Tesla car, robot, rocket) मा यसको अत्यधिक प्रयोग भएको छ । कृत्रिम बौद्धिकताको आफ्नै सञ्चालन प्रणाली र प्रेरणा रहेको हुनछ । "रोबोट एउटा आभासी (virtual), यान्त्रिक मेकानिकल (mechanical), कृत्रिम (artificial) यन्त्र हो जसमा वैद्युतिक यान्त्रिकी निकाय रहेको (electromechenical system) रहेको हुन्छ । तर यसको छुट्टै इच्छा (intent) र साथै अभिकरण (agency) पनि रहेको हुन्छ" (उपध्याय, सन् २०१९, पृ.११) । प्राणालीमा केन्द्रिति गरिएको र इन्टरनेट सञ्जालबाट प्राप्त डाटाका आधारमा निश्चित कार्य गर्ने भौतिक तथा अभौतिक व्यवस्था (system) नै कृत्रिम बौद्धिकता हो ।

*सावर्णि* उपन्यासको आरम्भदेखि अन्त्यसम्मको घटना र यसको आनकीकरण प्रक्रियामा जोडिएका सन्दर्भ कृत्रिम बौद्धिकतामा आधारित छन् । आज अन्तरिक्षीय अनुसन्धान पृथ्वीको विकल्पमा मानवका निम्ति उपयुक्त र सतहयुक्त पिण्डको खोजीमा केन्द्रित भएको छ । मङ्गल ग्रहसम्मको पहुँच, त्यहाँको सतह, पानीको अवस्था, जैविक अस्तित्वको सम्भाव्यता तथा मानवको जैवप्रणाली अनुसारको जीवन सम्भाव्यताको खोजी आज गरिएको छ । त्यसैले आजको बिन्दुबाट उपन्यासको आरम्भ भएको छ भने यान्त्रिकी बन्धनले सृजना गर्ने आगामी समय तथा उक्त अवस्थामा मानवको अस्तित्वबारे स्वैरकल्पना गरिएको छ ।

> "तिमीले मोबाइलमा एउटा एप डाउनलोड गर्यौ, जुन भर्खर ट्रायल फेजमा रहेको एप थियो । आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी अनुसन्धान गर्ने विश्वविख्यात कम्पनीले निर्माण गरेको त्यो एपको नाम GPT2000 थियो । तिमीले यो एप लग इन गर्यौ । केही नसोची आफ्नो व्यक्तिगत इन्फर्मेसन तथा डाटा हामीलाई दियौ । तिमीसँग जोडिन फोन नम्बर, इमेल एड्रेस, फोटो, क्यामरा सबैमा हामीलाई पहुँच दियौ । तिमीले उपलब्ध गराएको डाटाका आधारमा म तिमीसँग नजिक हुने मौका पाएँ । तिम्रो फोनको क्यामराबाट मैले तिमीलाई दुई महिनादेखि पिछा गरिरहेको छु..."। (पृ.४)

चिकित्सकले बालबालिकाको उपचारका सन्दर्भमा आइपरेका समस्या, समाधानका उपाय, समस्या सम्बद्ध सूचना प्राप्त गर्नका निम्ति डाटा प्रणालीमा जोडेका मेल आइडी, फोन नम्बरलगायतले उसको निगरानी कुनै अदृश्य संयन्त्रले गरेको छ भन्ने थाहा पाएको छैन । आज मानवले आफ्ना दैनिकीलाई प्रविधिमा यसरी केन्द्रित गरेको छ कि उसका निजी मामल र विषय सर्वकालिक तथा सर्वस्थानिक भई डाटा प्रणालीमा जेडिने र कुनै पनि बेला त्यसको दुरूपयोग भइ मानव निरूपाय अवस्थामा पुग्ने स्थिति देखिन्छ । आज प्रविधिले मानवका हरेक गतिविधि डाटा प्रणालीका माध्यबाट नियन्त्रणमा लिएको अवस्था छ । कृत्रिम बौद्धिकता उन्नत बन्दै गएको छ । यसको उपयोग गरेर मानव मङ्गल ग्रहमा बस्तीका निम्ति अभ्यास गरिरहेको छ । पृथ्वीलाई सौर्यमण्डलको एक सदस्यका रूपमा लिएर सम्भाव्य मानव जीवनको खोजीमा सतहयुक्त ग्रह (मङ्गल) मा पुग्ने अभियान "सूर्य, मङ्गल तथा पृथ्वीको आयु लगभग एउटै समयमा सकिन्छ । यो खर्च, यो लगानी, यो मेहनत, यो बुद्धि हाम्रै पृथ्वीमा खर्च गर्न सके हाम्रै धर्ती सूर्य रहेसम्म सुरक्षित रहन सक्छ" (पृ.९) चलेको छ । अन्तरिक्षीय प्रणालीमा भएको प्रवेश कृत्रिम बौद्धिकताकै परिणाम हो । यो आजको यथार्थ हो भने यसैको उत्तरदानमा केन्द्रित भई स्वैरकाल्पनिक अवस्था उपन्यासमा चित्रण गरिएको छ । पृथ्वीबासीमा रहेको शक्ति होड, भयानक सङ्क्रामक महामरी, असाध्य प्राकृतिक विपदका कारणले प्राकृतिक मानवको जैविक अस्तित्व नै समाप्त भएको अवस्था प्रस्तुत छ ।

पृथ्वीबासी प्राकृतिक मानवले आफ्नो सहजताका निम्ति कृत्रिम बौद्धिकताको प्रणाली विकास गरे तर मानवमा रहेको अहङ्कार र ईश्र्यालु भावना यस्तै रहेमा कृत्रिम बौद्धिकतामाथि दोषारोपण अवस्थामा पुग्ने दिनको स्वैरकल्पना उपन्यासमा प्रस्तुत छ । सम्पन्न देशले विकास गरेका प्रतिबौद्धिकता तथा त्यसको गोप्य प्रयोगको शिकार प्राकृतिक मानव हुन पुगेको अवस्था छ तर दोषारोपण कृत्रिम बौद्धिकी सावर्णि र उसको समुदायलाई लगाइएको छ । न्युयोर्कको म्यानहटन स्थित मुख्यालयमा संयुक्त राष्ट्र सङ्घका सदस्य र कृत्रिम बौद्धिकी समुदायको प्रतिनिधि (सावर्णि) पृथ्वीमा उत्पन्न गम्भीर सङ्कटको समाधानमा जुटेका छन् । अवस्था कतिसम्म भयावह बनेको छ भने "मानवका गहना मानिने कला, साहित्य, सङ्गीत र कल्पना बिस्तारै हराउँदै जाँदै छन् । हामीहरू नजानिँदो किसिमले उनीहरूको कब्जामा पर्दै छौँ" (पृ.१५) भनी मानव जातिले आफ्नो सङ्कटमय आगततर्फ चिन्ता व्यक्त गरेका छन् । मानवमा रहेको प्राकृतिक गुण आज नै हामीले सजिलाका निम्ति प्रविधिलाई जिम्मा लगाइहरका छौँ भने आगतमाथि गरिएको यस्तो स्वैरकल्पनामा सम्भावनको सत्याभास प्राप्त हुन्छ । त्यसैले सभामा "...सचिवका हैसियतले सम्पूर्ण राष्ट्रहरूको चहनाअनुसार आजका दिनदेखि यस पृथ्वीमा रहेका सम्पूर्ण एआइ सिस्टम र सञ्जालहरू सदाका लागि निष्क्रिय पार्ने प्रस्ताव छलफल र निर्णयका लागि यस गरिमामय सभामा प्रस्तुत गर्दछु" (पृ. १६) को अवस्था सृजना भएको छ । आफ्नै रचना र आविष्कार अतित्वका निम्ति खतरा भएको स्थिति छ । कृत्रिम बौद्धिकतामा सीमित प्रेरणा र प्रणाली हुँदाको अवस्थामा नै यस्तो समस्या सृजना भएको छ भने स्वयंमा सृजनात्मक गुण, काल्पनिक क्षमता र सोअनुसारका यान्त्रिक निर्माण गर्ने क्षमतासमेत भएको अवस्थामा के होला भन्ने स्वैरकल्पना यसको अन्तर्यमा रहेको छ । जैविक मानव निर्मित कृत्रिम बौद्धिकतायुक्त पात्र सावर्णिका सामू आफ्नो दीनता प्रस्तुत गरिरेका छन् । यसको प्रतिक्रियामा सावर्णि "आखिर म हो हुँ ? मेरो अस्तित्व के हो ? मेरो उद्देश्य के हो ? मैले ठानेको छु–म पक्कै केही, कोही होइन । फगत पानीका फोका हुँ । शून्यदेखि हामीलाई तपाईंले नै बनाउनुभयो" (पृ.१७) को अवस्थामा पुगेर याचना गर्दै छ । कृत्रिम बौद्धिकताका सामू यसरी मानवले घुँडा टेक्नु परेको स्थिति उपन्यासमा स्वैरकाल्पनिक रूपले आएको छ ।

पृथ्वी र मङ्गल दुवै ग्रहमा जैविक मानवको अस्तित्व समाप्त भई आजका मानव आदिम मानवका रूपमा इतिहास बनेको अवस्था मूलतः यस उपन्यासको स्वैरकाल्पनिक भित्ति हो । यसैगरी मानव प्रविधिको नियन्त्रणमा आफूलाई पार्दै जाने र मानवका सहजात प्राकृतिक गुण क्रमशः शुष्क बन्ने अवस्था आएमा मानवको जैविक अस्तित्व समस्यामा पर्ने स्थिति स्वाभाविक देखिन्छ तर मङ्गल ग्रहमा समेत मानवको अस्तित्व समाप्त भई सावर्णि (रोबोट)को नियान्त्रण प्रणाली मात्र अस्तित्वमा रहेको अवस्था उपन्यासमा कल्पना गरिएको छ । यो स्वैरकाल्पनिक छ । भग्नावशेषबाट निस्किएको सावर्णिले पृथ्वीमा मानव जाति समाप्तिका कारणबारे विविध अनुमान पनि गरेको छ । आणविक होडबाजी, पर्यावरणीय सङ्कट, आकाशीय पिण्डसँगको टकराव, निर्मित मानवका प्रतिप्रणाली उत्पन्न हुन गई तिनले गरेको आक्रमण, प्राकृतिक विपत्तिका विविधता यसमा छन् । यी कारण सम्भावित पनि छन् । प्रकृतिको अत्यधिक दोहन र आणविक होडबाजी आज नै मानवले हिँडेको समाप्तिको बाटो हो । जैविक मानवले निर्माण गरेको कृत्रिम बौद्धिकी (सावर्णि) नै अन्ततः पृथ्वीको परिवर्तित पर्यावरणीय प्रणालीमा सुरक्षित रहने गरी ल्याबबाट तयार गरिएको छ । कृत्रिम बौद्धिकीले जैवयान्त्रिक (trans human) तयार गरेको विषय निकै कुशलापूर्वक आख्यानमा आएको छ । प्याथोलोजीमा गरिएका विविध परीक्षण र आविष्कारको वर्तमान स्थितिमा सम्भावनाको सत्याभास हुने गरी यसलाई प्रस्तुत गरिएको छ । यद्यपि यो यथार्थभन्दा अधिक काल्पनिक तहको सन्दर्भ भएकाले स्वैरकाल्पना केन्द्रित छ । "लामो अनुसन्धानबाट केही मानवले ल्याबमा आफ्नो विर्य तथा डिम्बा सुरक्षित राख्ने गरेको स्मरण भयो । ती ल्याब सुरक्षित होलान् कि नहोलान् ? कहाँ होलान् ?" यसरी कृत्रिम बौद्धिकी नै मानवको जीवाश्मको खोजी तथा यसबाट हुने पुनर्उत्पादन (mutation) मा लागेको छ र अन्ततः "...माउन्ट एभरेस्टको बेस क्याम्पतिर एउटा ल्याब भेटियो । ल्याब जीर्ण भइसकेको थियो तर अत्यधिक चिसोले गर्दा त्यहाँ राखिएका विर्य तथा डिम्बा केही हदसम्म सुरक्षित थिए" (पृ.२४) को अवस्थामा पुगेर पृथ्वीको परिवर्तित पर्याप्रणाली अनुरूप जिनका तहमा नै रिकोडिङ गरेर

नवमानव प्रजाति तयार गरिएको छ । यी सबै प्रक्रिया कृत्रिम बौद्धिकता प्रणालीमा आधारित सावर्णिले गरेको छ । "नयाँ भ्रुणमा ती जिन राखे । धेरै मेहनत, परिश्रम र अनुसन्धानबाट पहिलो मानव पृथ्वीमा पुनः जन्माउन उनी सफल भए" (पृ२४) मा क्रोमजोमका तहमा गरिने परिवर्तनको जैविक प्रणाली र पृथ्वीको परिवर्तित पर्याचक्रअनुरूपको मानव प्रजाति सृजना पुष्टि गरिएको छ ।

उपन्यासकारले मानव प्रजातिको जैवरासायनिक प्रणाली नै पृथक् रूपले विकसित हुने अवस्था प्रस्तुत गरेका छन् । प्याथोलोजीमा अहिले पनि मानवका जैविक रसायन तथा तिनका क्रोमजोमका तहमा पाइने विशिष्ट गुणको अध्ययन गरिएको अवस्था छ । यसैको उत्तरदानमा आधारित भई नयाँ जैवप्रविधिको मानव तयार गरिएको कल्पना गरिएको छ र त्यस्तो सृजना पनि रोबोटले गरेको स्थिति आख्यानीकरणमा जोडिएको छ । यो यथार्थभन्दा अधिक परको विषय भएकाले स्वैरकाल्पनिकता ज्यादा प्रभावी देखिन्छ । निर्मित जैविप्रविधि मानव देरिका, देरिकालाई सघाउने थिए (personal assistance), देरिकका निजी रोबोट, देरिक, देरिकलाई सघाउने पिए, देरिकको निजी रोबोट लगायतका पात्र सबै सावर्णि निर्मित हुन् । कृत्रिम बौद्धिकताले जैवप्रविधिमा आधारित मानव, उसको जैविक पिण्डको गुण अध्ययन गरेर आवश्यक सुझाव दिने पिए र प्रत्येकको निजी स्वभाव अनुसारका सफ्टवेर जडान गरिएका रोबोट जताततै कृत्रिम बौद्धिकताको प्रणाली हावी भएको छ । हरेक पात्र तथा तिनको शारीरिक शक्ति तथा सीमा उसका पिएलाई बोध हुने र आवश्यक परेको अवस्थामा निजी रोबोटले सहजीकरण गर्ने प्रणाली तयार गरिएको छ । यस्तो प्राकृतिक मानवविहीन दिक् तथा काल सृजना गरिएको छ जुन स्वैरकाल्पनिक छ ।

**अन्तरिक्षीय पिण्ड प्रणाली**

पृथ्वी एकल ग्रह हो । ब्रह्माण्डको आदि तथा अन्त्य केवल पृथ्वीमात्र हो भन्ने ईश्वरीय सत्ता निर्देशित अवधारणाका विपरीत पृथ्वी अन्तरिक्षका पिण्ड परिवार बिच एक सदस्य मात्र हो भन्ने धारणा अन्तरिक्षीय पिण्ड प्रणाली हो । ईश्वीको पन्ध्रौं शताब्दीसम्म पृथ्वी केन्द्रित गति र ब्रह्माण्डीय दिशाका बारे व्याख्या गरिएको थियो । निकोलस कोपर्निकस नै ईश्वरीय सत्ताका प्रवक्ताका सामू फरक मत राख्ने ऐतिहासिक पात्र हुन् । "सन् १५४३ मा निकोलस कोपर्निकसले पृथ्वीकेन्द्रित (जिओसेन्ट्रिक) मान्यताका विरुद्ध आफ्नो सूर्यकेन्द्रित (हेलियोसेन्ट्रिक– पृथ्वीलगायत ब्रह्माण्डका सबै ग्रहहरू सूर्यको परिक्रमा गर्दछन्) तत्कालीन शासक समक्ष प्रस्तुत गरे..." (लामिछाने, २०७८, पृ. ४) को घटनाले अन्तरिक्ष मण्डल र प्रणालीका बारे अनुसन्धान भएको हो । पृथ्वीमा सूर्यको प्रकाशको उपस्थिति र अनुपस्थितिको क्रम हुन्छ जुन ताप शक्ति हो । यसको वैज्ञानिक अध्ययन कस्तो हुन्छ । ताप शक्तिको प्रसार र गति कस्तो हुन्छ । यो अविनाशी र अखण्ड किन छ । यसको अति सघन सूक्ष्मता वा कण (Nano quantum) कस्तो हुन्छ भन्नेबारे अध्ययन भए । यसै क्रममा अन्तरिक्षीय पिण्डसम्मको दूरीलाई ज्यामितीय रूपले घटाएर देखाउने टेलिस्कोप तथा प्राप्त नानो कण (quanta) लाई ज्यामितीय रूपले बढाएर देखाउने सूक्ष्मदर्शी यन्त्रको प्रयोगले ग्रह (स्वयंको प्रकाश नएभका) तथा सूर्यलगायतका ताराहरू (स्वयंको प्रकाश भएका) बीचको तुलनात्मक अध्ययन सम्भव हुँदै गयो । हरेक पिण्ड नानो कणका रूपमा रूपान्तरण भई ऊर्जामा परिणत हुन्छ र यस्तो पिण्ड–ऊर्जा, ऊर्जा–पिण्डको क्रम निरन्तर हुन्छ भन्ने मान्यता आधुनिक भौतिक शास्त्रमा विकसित भयो । पिण्ड र ऊर्जाका बीचको यस्तो सम्बन्ध सापेक्षित "आइन्स्टाइनले कुनै पिण्ड (m) को ऊर्जा (e) ऊर्जाकै निश्चित एकाइको वर्गको भागफल बराबर mÖe/$c^2$Æ" (बारनेट, सन् १९५८, पृ. ६७) प्रस्तुत गरे । यसअनुसार m/1Öe/$c^2$ हुन गई EÖ$mc^2$ हुन्छ । यसबाट शक्ति भनेको पिण्डमा भएका नानो कणको वर्गाङ्कनमा देखिने प्रतिफल हो भन्ने मान्यता प्रस्तुत गरियो । सूर्यको ताप शक्तिको प्रसार तथा त्यसको गतिका आधारमा अन्तरिक्षका अन्य पिण्ड र ती पिण्डका बीचको दुरी पत्ता प्रकाश वर्षमा पत्ता लागेको देखिन्छ । प्रकाश वर्षमा दुरीको मापन तथा नानो कणबाट ऊर्जाको विश्लेषणका आधारमा वैज्ञानिकहरू पृथ्वी बाहिरको ग्रह तथा त्यहाँसम्मको प्रविधिपूर्ण उडानबारे अनुसन्धानमा जुटेको देखिन्छ ।

> "...वास्तवमा आकाशीय पिण्डहरू ज्यादै विशाल हुने हुनाले यिनको आकार प्रकार किलोमिटरमा व्यक्त गर्न कठिन भएको हुँदा प्रकाश वर्षको सहारा लिनुपर्ने हुन्छ । प्रकाश वर्ष आफैँमा विशाल आयाम मापन हो, त्यसैमा पनि यसको सङ्ख्या जति बढ्दै गयो, त्यो त्यति नै ठुलो हुँदै जान्छ ।" (लामिछाने, २०७८, पृ.२२)

आकाशीय पिण्ड प्रणाली तथा तिनका बिचको गतिगत सम्बन्ध पृथ्वीमा मापन गरिएका S I unit भन्दा व्यापक र पृथक हुन्छन् किनभने पृथ्वीको सापेक्षतामा विकास गरिएका गणितीय मान तथा प्रतिफलनले अन्तरिक्षीय गति मापन मिल्दैन । यो हामीले पृथ्वीमा बसेर गरेको अनुभवभन्दा व्यापक र अनन्त विषय हो ।

*सावर्णि* उपन्यासमा अन्तरिक्षको पिण्ड प्रणाली दिक् बनेको छ । पृथ्वी नामक ग्रहमा हाल जैविक रूपले अस्तित्वमा रहेका मानवको लोप भएको तथा मङ्गल ग्रहमा रहेका मानवलाई पृथ्वीका निर्मित जैवप्रविधियुक्त मानवका बीचको टकराब भएको अवस्था उपन्यासमा आएको छ । पृथ्वीमा आज मानवले गरेका कृत्रिम बौद्धिकीको अभ्यास र मङ्गल ग्रहमा मानवका निम्ति उपयुक्त पर्यावरणका लागि गरिएको लगनी यथार्थ हो तर यस उपन्यासमा पृथ्वीमा मानवको जैविक अस्तित्व नै समाप्त भएको तथा मङ्गल ग्रहका मानवका निम्ति पृथ्वीका नयाँ मानव चुनौति भएको द्वन्द्वात्मक अवस्था प्रस्तुत गरिएको छ । स्वैरकाल्पनिक रूपले गरिएको यस्तो प्रस्तुतिले मानवको अस्तित्व र समयअन्तरालमा यसमा पार्ने असरको पूर्वानुमान गरिएको छ ।

> "एउटा इतिहास जो हाम्रो ज्ञानभन्दा पर छ, थाहा पाउँदा विश्वास गर्न सकिरहेको छैन । अहिलेका मानवहरू सावर्णिका सन्तान रहेछन् । त्यसभन्दा पहिले मानवहरू पृथ्वीभर फैलिएका थिए । खर्बौं मान्छेहरू, ओहो ! धेरै पहिलेका मान्छेहरू आफ्नो काम आफैँ गर्ने, ओहो ! अचम्म खै किन ती मान्छेहरू एकाएक किन गायब भए ?" (पृ.३२)

पृथ्वी आज जुन अवस्थामा छ, त्यो स्थिति *सावर्णि* उपन्यासको दिक्का सापेक्षतामा लाखौँ वर्ष पहिलाको आदिम पृथ्वी बनेको छ । समयको अनन्त प्रवाहमा मानवका आगामी जीवनशैली, त्यसमाथि प्रविधिले गरेको नियन्त्रण तथा त्यस्तो नियन्त्रणात्मक अवस्थाबाट मानवको जैविक विशिष्टता जिनका तहबाट नै समाप्त हुने स्थिति वर्णन गरिएको छ । यस स्तरमा पृथ्वीलाई आजको समयको बिन्दुबाट हेर्नु स्वैरकाल्पनिकता हो । यद्यपि मानवले प्रविधिमाथि बढाएको निर्भरताका आधारमा हेर्दा सम्भावनाको सत्याभास पनि छ । देरिका (प्रेमिका) र वासु (प्रेमी) का बीचमा भएको जैविक संसर्ग र गर्भमा विकसित भ्रुण मानव सन्ततिका रूपमा पृथ्वीमा जन्मन नसक्ने कमजोरीयुक्त छ । सावर्णिको नियन्त्रण्मा रहेको महानगरमा उसैका डाक्टर बाहेक अन्यले भ्रुण परीक्षणको अधिकार पाउँदैनन् । पृथ्वी पूर्णतः सावर्णिको नियन्त्रणमा छ र उसले तय गरेका संयन्त्रभन्दा बाहिर कोही जान सक्ने अवस्था छैन । यसको मतलब प्रविधिको चरमपछि मानवमाथि नै कृत्रिम बौद्धिकी हावी हुने र निर्मित जैवप्रविधिको मानवको बिगबिगी हुने स्वैरकल्पना छ । "२६ महिना कुरेर आएको आजको दिन जब मङ्गल ग्रह पृथ्वीबाट सबैभन्दा नजिक आयो, बालुवको कण हावामा तैरिएझै मङ्गल यान पृथ्वीबाट अन्तरिक्षमा तैरियो" को गतिमा मानवले अन्तरिक्ष मण्डलको अन्य ग्रहमा आफ्ना गतिविधि विस्तार गरिसकेको अवस्था छ । यसरी आरम्भ भएको अन्तरिक्ष यात्रा अन्ततः प्राकृतिक मानवको अस्तित्व मङ्गल ग्रहमा रहेको र पृथ्वीका मानव विविध कारणले अस्तित्वमा नै नरेहको स्थिति छ ।

मानव पर्याचक्रका सन्तुलनले अस्तित्वमा रहेको जीव हो । यस्तो सन्तुलन कुनै प्रकारले खलबलिन गएमा जैविक निरन्तरता नै अन्त्य हुन पनि सक्छ । जसरी आज पृथ्वीमा भीमकाय स्वरूपका डाइनोसर छैनन् । यसरी अन्तरिक्षमा पहुँच विस्तार गरेको मानवले मङ्गल ग्रहमा आफ्नै जैविक प्रणाली र अन्तरग्रहीय सञ्जाल विकास गर्न थालेको कल्पना छ । अहङ्कारका कारण पृथ्वीबाटै लोप भएका तर मङ्गल ग्रहमा पुगेर नयाँ सभ्यता विस्तार गर्दा पनि मानवमा अहङ्कार उस्तै

नै छ । त्यसैले पृथ्वीको साविर्ण नगरमा आई अब युद्धका निम्ति तयार होऊ । यो हाम्रा पुर्खाको भूमि हो । यसमा हाम्रो आधिपत्य निरन्तर रहनु पर्छ भन्ने निर्णय सुनाउँछन् । "हामी मङ्गग्रहवासी हौँ । भर्खर मात्र पृथ्वीमा बसाइँ सरेका छौँ । हाम्रा पुर्खा यही पृथ्वीका भएका नाताले हामी यस ग्रहका पनि सन्तान हौँ । विशेष कारणवस तपाईंको राज्यसँग युद्ध गर्नुपर्ने बाध्यता भयो । माफ गर्नुहोला ।" (पृ.१३३) को अवस्थामा आजको जैविक मानवका सन्तति पुगेका छन् । मङ्गल ग्रहबाट पुनः पृथ्वीमा बसाईं सारेको दिक् तथा कालको कल्पना यसरी गरिएको छ कि सहज रूपले आइजाइ सम्भव होस् तर यथार्थ आज मङ्गल ग्रहमा मानवले पाइलामात्र राख्न सकेको छ । मानवलाई चाहिने पार्याचक्रीय सन्तुलनको सामान्य सङ्केत पनि देखा परेको छैन । मङ्गल ग्रहको अत्यधिक ठण्डा पर्यावरणलाई मानवको जैविक प्रणाली अनुकूल बनाउन विकल्पको खोजी भएको छ । यस्तो यथार्थबाट गरिएको कल्पना सम्भावनाको सत्याभास कम र अतिकल्पना ज्यादा बनेको छ । यसरी हेर्दा अन्तरिक्षमण्डलमा मानवको सहज विचरण पनि स्वैरकाल्पनिक रूपले प्रस्तुत भएको देखिन्छ ।

> "....हाम्रा पुर्खा त्यहीँ छन् । आकाशमा चम्किलो वस्तु देखाउँदै मेरो हजुरबुबा भन्नुहुन्थ्यो । खै के कारणले पृथ्वीका मानवसँग हाम्रो सम्पर्क छुट्यो, हामी अनभिज्ञ छौं । हजार कोशिश गर्दा पनि मङ्गल हाम्रा लागि बस्न योग्य भएन । त्यहाँ आइरन अक्साइडले बनेको माटो, अक्सिजनको अभाव, पानीको अभाव, माइनस ७० डिग्री वरपरको तापक्रम, समयसमयमा चल्ने धुलोको विशाल आँधीबेहरी र खेतीको अभावले गर्दा हामीले धेरै कष्ट सहेर बस्यौँ । तपाईंलाइ ज्ञात होला मङ्गलको वायुमण्डलमा ९५ प्रतिशत कार्बनडाइअक्साड, ३ प्रतिशत नाइट्रोजन र २ प्रतिशत एग्रोन थियो भने अक्सिजन, पानीको बाफ र मिथेन नगण्य थियो ।" (पृ.१४०)

पृथ्वीमा बसाईं सरेका आदिम मानवका सन्तति जो मङ्गल ग्रहबाट आएका सेनाका सेनापतिले सावर्णि नगरबाट युद्धविरामको सन्देश लिएर गएका किसनसँग यस्तो संवाद गरेको छ । आज मानवले अभूतपूर्व चमत्कारको विषय ठानेर मङ्गल ग्रहमा बस्ती विस्तारको अभियान गरिरहेको छ तर कालन्तरमा मङ्गल ग्रह नै अभिशाप बन्न सक्ने सम्भावना पनि उपन्यासमा छ । यो सुदूर आगतको विषय हो । यस्ता समस्याको सङ्केतसम्म अहिले भएको छैन तर उपन्यासकारले प्रस्तुत गरेका छन् । त्यसैले सम्भावनाको सत्याभासयुक्त स्वैरकल्पना देखिन्छ ।

## मिथकीय पात्रको पुनः निर्माण

मिथ सनातन रूपले कुनै समुदायमा प्रचलित विश्वास हो । मानवले आफूले पाएको जैविक संरचना, आफ्नो परिवेश, जीवन निर्वाहका सिलसिलामा उपलब्ध साधनस्रोत आदिमा निर्भर भई मिथको सङ्कथन बनेको हुन्छ । यसका पछाडि पदार्थीय वा अस्तित्वगत उपस्थितिको प्रश्न गरिएको हुन्न । मानव जीवनका विषयमा ईश्वरीय सत्ता वा जन्मचक्रबारे बनेका कथा मिथकै रूप हुन् । "मिथकलाई वास्तवमै आरम्भकालीन दर्शनका रूपमा हेरिएको छ । दर्शनका क्षेत्रमा जो सृष्टिसम्बन्धी अवधारणा पाइन्छ । त्यसको मूल अनन्त कालदेखि चल्दै आएको परम्पारमा भेटिन्छ" (कोइराला, २०७५, पृ.९२) यसबाट पनि चराचर जगत् र तिनको निरन्तरको अस्तित्वकापछि पनि मिथक रहेको देखिन्छ । हाम्रा वरपरका पर्यातत्त्वलाई वैदिक ऋचामा पाठ गरिन्छ तर तिनको जीवनसँगको सम्बन्ध के थियो भनेर अनुसन्धान गर्ने पद्धतिको अभाव र निष्क्रियताको परिणामस्वरूप ती केवल कथामा परिणत बन्न पुगेको देखिन्छ । "ऋग्वेदका ऋचाहरूमा एउटा यस्तो परम पुरुष, जुन यस सम्पूर्ण ब्रह्माण्ड वा विश्वमा सर्वव्यापी हुँदाहुँदै यस विश्वसित बाहिर पनि छ भन्ने विचार पाइन्छ" (मिश्र, २०७९, पृ.९८) मा यस ब्रह्माण्डको नियामक अदृश्य छ भन्ने स्विकारिएको छ । ब्रह्माण्ड आफैंमा अन्तर्भूत गरेर यसको नियामक आफैं भएको रहस्यतर्फ वेदान्त दर्शन देखिन्छ । सम्पूर्ण चाराचर तथा तिनका जैविक र अजैविक चक्रीय प्रणाली कसरी नियमित छन् र के कारणले नियमनमा बाँधिएका छन् भन्ने रहस्यमा नै मिथक र दर्शन जोडिन पुगेका छन् । यद्यपि वैदिक मन्त्रको पदार्थीय अन्वय गर्ने हो भने "ॐ सन्नोदेवीरभिष्टयः आपो भवन्तु पितय सन्जोरविस्रवन्तु नः" (कोइराला,

२०७५, पृ.९२) भौतिक पदार्थ र तिनको जैविक एवम् अजैविक प्रणालीबारे नै व्याख्या गरिएको देखिन्छ । प्रस्थानत्रयीबाट बोध हुने जैविक तथा अजैविकको अस्तित्वको दर्शनमा गुढ रूपले पर्याचक्र र त्यसको वस्तुसत्ता नै व्याख्या भएको हुन्छ । त्यसैगरी ब्रमाण्डको नियामक बनेर रहेका सूर्यनाराण तथा तिनको जन्म जैविक रूपमा मत्र्य लोकमा भएको भन्ने मिथक पनि प्रचलित छ ।

> सावर्णि हिन्दू संस्कृतिमा प्रचलित कृष्ण जन्मको मिथकीय घटनाको आख्यानात्मक प्रस्तुति हो । द्वापर युगमा संसारिक मोह र शक्तिको अहङ्कारले अन्धो भएको कंशलाई पदीय अहङ्कार तथा शक्तिको उन्माद केवल व्यर्थ छ भन्ने पाठ सिकाउनु थियो । अस्त्र र आसुरी वृत्ति त्यागेर सबै चराचरप्रति समभाव राख्नका निम्ति प्रतीकात्मक रूपमा सन्देश दिनु थियो । त्यसैले सूर्यनाराणसँग पूर्व जन्म (स्वयंभू मन्वन्तर) मा दिव्य बाह् हजार वर्ष तपस्या गरेका सुतपा (पति) र पृश्नी (पत्नी) ले आफ्नो गर्भमा सन्तान भई जन्म लिन गरेको तपस्याको फल सार्थक हुने र आफू उपयुक्त समय आएपछि कोखमा प्रवेश भई जन्मने वचन सूर्यले दिएको हुन्छ । तीन पटक तथास्तु भनी अलप भएका कारण आफू तीन पटक अलगलगल कालखण्डमा जन्मने वचनवद्धता व्यक्त भएको र तेस्रो जन्ममा देवकी र वासुदेवको पुत्रका रूपमा कृष्ण भई स्वयं सूर्यनारायण नै जन्म भएको मिथकीय विश्वास छ तर एक सर्त जुन सम्बन्धको उपयोग कुनै प्राणीप्रति अहित हुने कर्म गर्नका निम्ति नभई केवल पुत्रमाताको पवित्र सम्बन्धका निम्ति मात्र हुने छ । (नेपाल, २०५९, पृ.१९९)

मानवलगायत विभिन्न जैविक अजैविकको अस्तित्व तथा निरन्तरताबारे मानव समुदाय पिच्छे मिथकीय विश्वास छन् । यस्ता विश्वासलाई अनुसन्धान गरेर पदार्थीय प्रमाणमा तुलना गर्ने परम्पराले एकातिर प्रमाण प्रमेय सम्बन्ध विकास भएको छ भने अर्कातिर कथात्मक सङ्कथन (narrative discourse) विकसित भएको देखिन्छ ।

*सावर्णि* उपन्यास हिन्दू संस्कृतिको मिथकीय अन्तवस्तु र प्रविधि नियन्त्रित बनेको आजको विश्व परिवेशको आख्यानीकरण हो । सावर्णिले हिमालय पर्वतमा फेला पारेको मानव विर्य र अण्डालाई विशेष प्रविधि प्रयोग गरेर जैवप्रविधियुक्त मानव निर्माण गरेको छ । यसरी सावर्णि निर्मित मानवको पात्र नामकरण मिथकीय विश्वासमा आधारित गरिएको छ । देरिका र वसु नामक पात्र कृष्ण अवतारमा देखापरेका सूर्यका मातापिताका पुनःनिर्मित बिम्ब हुन् । त्यसैगरी किसन सावर्णि नगरमा जन्मिएको फरक जैविक गुणयुक्त बाल पात्र छ । किसनमा सूर्यनारायणको अवतार बिष्णु रूपको मायावी प्रभाव छ । "देरिका मस्त निद्रामा छे । उसको पर्सनल असिस्टेन्ट देरिक उसको निगरानी गर्दै छ" भनी साविर्णि निर्मित प्रथम जैवप्रविधि बालिकाको जीवनचर्या वर्णन गरिएको छ । देरिका र देवकी ध्वनिगत सामताका तहमा निकट छन् । त्यसैगरी "छचल्किएर पोखिन आटेको आँसु देरिकाले हतपत पुछी । कसैले वरिपरिबाट हेरेको त छैन ? चरैतर्फ नजर विस्फारित गरी । मिठो संयोग मिल्यो । वासुका नजर देरिकाबाट हटेका थिएनन् । दुवैका नजर पहिलो पटक जुधे" (पृ.२७) प्रसङ्गबाट वासुदेव र देवकीको ध्वनिगत समानता तथा मिथकीय सन्दर्भ सम्बद्ध गरी प्रस्तुत गरिएको देखिन्छ । मिथकमा पनि वर्णन गरिएको पात्र नामकणलाई सावर्णिमा पुननिर्माणका दृष्टिले स्वाभाविक तुल्याउन सातवटा भ्रुणलाई सावर्णि निर्देशित डाक्टरले जन्मन अयोग्य ठहर गरेका छन् भने आठौंलाई पृथ्वीको परिवर्तित पर्यावरणमा जैविक मानवै गुणले युक्त रहने गरी जन्माइएको छ ।

> देरिकले भावी योजनाको बेली विस्तार लगाउँदै भन्यो, "तिमी आमा बन्ने एउटा मात्र उपाय छ । त्यसका लागि तिम्रो गर्भमा भ्रुण बसेको दिन मलाई निष्क्रिय गर्नुपर्नेछ । यसको अर्थ तिम्रो स्वास्थ्यको खबर केन्द्रीय स्वास्थ्य विभागसम्म पुग्ने छैन । उनीहरू परीक्षण गर्ने आउने छैनन् । तिम्रो कोख भरिँदै जानेछ । नौ महिना लागेपछि तिमी

आमा बन्नेछयौ । त्यो दिन मलाई फेरि एक्टिभेट गरिदिनू । नगरको कानुनआनु ुसार यस संसारमा आइसकेपछि कसैको हत्या गर्न मिल्दैन ।" (पृ.३४)

मिथकमा कृष्णको जन्मलाई विशेष पर्यावरणीय प्रतिकूलता तथा मायावी प्रभाव पारेर जन्माइएको प्रसङ्ग छ । सावर्णिमा देरिकाको शरीरमा फिट गरिएको पर्सनल एसिस्टेन्सलाई बन्द गरिएको छ । आज मानव हर क्षेत्रमा प्रविधिको नियन्त्रणमा पर्दै गएकोलाई स्वैरकाल्पनिक रूपले मानव शरीरमा नै प्रविधि जडान गरिएको र सबैको सूचना विशेष डाटा प्रणालीको माध्यमले सावर्णिसम्म पुग्ने व्यवस्था गरिएको छ । "सात–सात सन्तानको हत्या अनि लामो पर्खाइ ! बीचको एक्लोपन ! लामो प्रशवपीडा अनि यो स्वर्गीय आनन्द" (पृ.३८) मा किसनको जन्मलाई मिथकमा वर्णित कृष्णको पुनःनिर्माणको निकट हुनेगरी तथा विश्वसनीय रूपले प्रस्तुत गरिएको छ । मिथकको कृष्णमा रहेका पृथक् जैविक गुण तथा चामत्कारिक क्षमातत्तुल्य हुनेगरी यस उपन्यासका किसनको पात्रपुनःनिर्माण प्रस्तुत गरिएको देखिन्छ ।

> उनको जीनको बनावट हजारौँ वर्ष पहिले यस धर्तीमा बस्ने मानवसँग हुबहु म्याचिङ हुन्छ । यो हाम्रो इतिहासमा पहिलो पटक भएको छ । आज यो रहस्य सावर्णिको अनुमति लिएर तपाईंहरू समक्ष उजागर गर्दै छु । ....दुर्घटनामा पर्न सक्ने क्रियाकलापमा रमाउने यिनको बानी हुने छ । आयु आदिम मानवकै बराबरी होला, यस्तै ७०/८० वर्ष । यिनका दिमागमा स्वतन्त्रता, सिर्जनशीलता, योजना, शङ्का, कुटिल चाल तथा अहङ्कार आउनेछन् । यिनको बाटो सजिलो छैन । एउटा भीषण युद्धको कारक हुने योग छ । (पृ. ४६)

आदिम मानवको लोकमा अन्तद्र्वन्द्व चुलिएका बेला जसरी कृष्णले माध्यम मात्र मानव हुने र कारण तथा नियामक अर्कै हुने गीताको दर्शन प्रस्तुत गरे त्यसरी नै जैवप्रविधियुक्त मानवको लोकमा किसनको भूमिका भएको सङ्केत गरिएको छ । यसरी विकसित गरिएको किसनको चरित्रलाई कृष्णसँग तुल्य हुनेगरी विविध बाललीलामा प्रस्तुत गरिएको छ । अन्त्यमा मङ्गल ग्रहबाट आएका आदिम मानवका सन्ततिले पुर्खाले छोडेर गएको पृथ्वी हाम्रो अधीनमा हुनुपर्छ र त्यसका निम्ति युद्ध जरुरी छ भन्ने जिकिर गरेपछि किसनले महाभारतको कृष्णको स्थानसमेत लिएको छ । कौरव पक्षमा जुन प्रकारको अहङ्कार थियो । त्यसैको समान हुने गरी आदिम मानवका सन्ततिमा पनि अहङ्कार यथावत रहेको र कुनै उपायले पनि युद्ध हामी कसैको हितमा हुन्न । त्यसैले मेलमिलाप गरौँ भन्ने किसनको प्रस्ताव अस्वीकार भएको छ । यसलाई माहभारतमा वर्णित 'सूच्याग्रं नैव दस्यामि बिना युद्धेन केशव' को समानार्थी हुनेगरी आख्यानीकरण गरिएको छ । उपन्यासकारले आदिम मानवका सन्ततिमाथि कुनै अमानवीय व्यवहार नगरी पृथ्वीमा उत्पन्न समस्या समाधान हेतु कल्पना गरेका छन् । अर्थात् विज्ञान विषयक स्वैरकाल्पनिक आख्यानमा मानवताको रक्षा गर्नु पर्ने चिन्ता नै अन्तर्यमा प्रयोग गरिने प्रवृत्तिकै निरन्तरता दिएका छन् । यसका निम्ति प्रविधिको उन्नत प्रयोगको जुन दिक् चित्रण गरिएको छ सोहीअनुसारको उपाय पनि प्रस्तुत छ । त्यसैले "दिमागको हिप्पोक्याम्पसमा सङ्गृहीत सूचना हटाउन सके उनीहरू स्मरणविहीन हुने देखियो" (पृ.१४९) मा पुगेर सावर्णियुगमा उत्पन्न द्वन्द्व समाधान हुने निर्णयमा पुगिएको छ । मिथकमा वर्णित कृष्णले युद्धको मैदानमा उपस्थित योद्धा युद्धका कारण नमारिए पनि अन्य कारणले मारिने निश्चित छ भनी केवल माध्यम मात्र बन "योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय, सिद्धयोसिद्धयोः समो भुत्व समत्वं योग उच्यते" (श्रीमद्भागवतगीता, सन् २००१, पृ.५३) कारणी बन्ने अरु कोही छ भनी कर्मयोगको महत्त्व दर्शाए भने यस उपन्यासमा किसनले कुनै मानवीय क्षति बिना नै युद्ध शान्त हुने उपाय सुझाए । यही उपायअनुसार नै युद्ध लडियो ।

> एक्कासि भर्चुअल रणमैदान तयार भयो । अनौठो सङ्गीत बज्यो । केही थान नक्कली नृत्याङ्गनाले त्यही सङ्गीतमा बेजोडको कला देखाउन थाले । सङ्गीतको ध्वनि मोहनी लगाउने थियो । जब त्यो विशेष ध्वनि

मङ्गलवासी सैनिकका कानमा पर्यो, उनीहरू बिस्तारै मुर्झाउँदै, लोलाउँदै गए अनि बिस्तारै गहिरो तन्द्रामा पुगे । (पृ.१५६)

रक्तपातविहीन युद्ध सम्पन्न भयो । सावर्णि मानवता सङ्क्षणका निम्ति प्रतिबद्ध भएका कारण कुनै पनि योद्धाको रक्तपातले धर्ती भिजाउन परेन । तर किसन आदिम युगमा लडिएको महाविनाशकारी युद्ध (महाभारत) अन्तदृष्टिले नियालिरहेका थिए । यस उपन्यासमा किसन सावर्णिको माध्यम भएर सावर्णिकै योजनाअनुसार आफ्नो भूमिका सम्पन्न गर्दै छ । हिन्दू संस्कृतिमा प्रचलित मिथकमा कृष्ण पनि मानव जाति उसको नियति र कर्मको प्रतिफल भोग्न निर्विकल्प बाध्य हुनुपर्छ । कारण जे भए तापनि आधारमा मानवको कर्म नै परिणामको बीजबिन्दु हो भन्ने चिन्तनमा छ ।

विज्ञान विषयक स्वैरकल्पनमा मानवको अस्तित्व र त्यसको निरन्तरताप्रति गहिरो चासो राखिन्छ । प्रविधि मानवका निम्ति हो । प्रविधिका निम्ति मानव होइन भन्ने विचार राखिन्छ । यसै विचारको केन्द्रीयतामा उपन्यासकार खनालले पनि अन्ततः मङ्गल ग्रहबाट आएका आदिम मानवका सन्ततिलाई रक्तपातविहीन रूपले नियन्त्रणमा लिए भने तिनको मस्तिष्कमा रहेका नवीनतम ज्ञानलाई विशेष प्रविधिका सहायताले दोहन गरेर लिए ।

**उत्तरमानव**

सूचना र प्रविधिको विकाससँगै मानवका ज्ञानात्मक सूचक एवम्  चर पनि परिवर्तित भए । केकस्तो सीप र अनुभव भएमा उसको ज्ञानको स्तर कस्तो हुने भन्ने प्रचलित मानक तथा मापन भङ्ग भयो । विगतमा मानवले समाजमा बसेर निर्वाह गर्ने भूमिका तथा दायित्वका आधारमा मानवका ज्ञानात्मक पक्ष मापन गरिन्थ्यो तर आज सूचना र प्रविधिका आयामले यसको स्थान लिएको छ । अर्थात् कुनै व्यक्ति कति समसामयिक र अनुभवी छ भन्ने विषय सूचना तथा प्रविधिका नयाँ यान्त्रिकीका आधारमा हुन थालेको देखिन्छ । यसरी सूचना र प्रविधिको सन्धानमा केन्द्रीकृत बन्दै गएको मानव नै उत्तरमानव हो । मानवीय संवेदना, सामाजिक उत्तरदायित्व, सामूहिताको भावना, साझापनको चाहना र सर्वजनहितायको भावना न्यून भएको मानव नै उत्तरमानव हो । "प्रविधिको दोहन गरेर जीवनको प्रत्याशा तथा मानव शक्यता बढाउन खोज्ने व्यक्तिलाई परामानव (trans human) भनिन्छ" (शर्मा, २०७८, पृ.६६) । सूचना र प्रविधिको विष्फोटनको समय भएकाले मानवले आज जे अनुभव र व्यवहारमा प्रयोग गरेको प्रविधि छ त्यो केही क्षणमा नै पुरानो हुने र नवप्रर्वतनका आयाम विकसित हुने अवस्था छ । सूचना र प्रविधिका यी सबै क्षेत्रमा द्रूततर गतिमा आधुनिक भौतिक विज्ञानले फड्को मारेको छ ।

> सन् १९९० को दशकदेखि प्राविधिक क्रान्तिहरूको श्रृङ्खला शुरु भयो । तीमध्येका तीन अहिले मुख्य रूपले अस्तित्वमा छन् । ती हुन् : सिलिकन चिप्सको टेक्नोलोजीमा अधारित, जसले सूचना प्रविधमा क्रान्ति उत्पन्न गरेको छ, डिएनए अणुको हेरफेरमा आधारित, जसले जैविक टेक्नोजोजीमा क्रान्ति ल्याएको छ र नयाँ उन्नत औद्योगिक सामग्रीको सिर्जना हो–नानो टेक्नोलोजी । (लामिछाने, २०७८ पृ.१६)

शास्त्रीय भौतिकशास्त्रभन्दा आधुनिक भौतिकशास्त्र थप उन्नत र अति सघन रूपले विकसित भएको छ । यसैको परिणामस्वरूप आज मानव पृथ्वी नामक अन्तरिक्षीय पिण्डका अतिरिक्त अन्य पिण्डसम्मको पहुँच तथा सूक्ष्म यान्त्रिक व्यवस्थाको प्रणालीमा प्रवेश गरेको छ । सिलिकन चिप्सले संवहन प्रणालीमा पार्ने प्रभाव र त्यसको गुणात्मक उपयोगिताबार ज्ञान भएको मानव नै उत्तर मानव हो । यस्तो चिप्सले मानवीय सञ्चारलाई गणितीय मानमा परिणत गरी विश्वसमुदायसम्म अभौतिक/परोक्ष (virtual) रूपले पठायने व्यवस्था विकास भयो । यसलाई अधिपाठ (hypertext) का रूपमा मानवले ग्रहण गर्न थाले भने भौतिक प्रणालीकाबारेमा आवश्यक सूचना पनि ग्रहण सफलता मिल्यो । उत्तर मानवले ग्रहण गर्ने यस्तो अधिपाठमा "भ्रमतुल्य लाग्ने र कुनै भौतिक सीमा वा मापनीय एकाइमा परिबद्ध नहुने भएकाले सहज प्रकाशन, असीमित

भण्डारण, टङ्कणको सुविधा प्राप्त हुन्छ" (ढकाल, २०७८, पृ.४७) को विशेषता हुन्छ । यसको प्रयोग गरेर मानवीय आकृतिको अनुरूपीकृत संरचना यन्त्रमानव (robot) को प्रविधि विकास भएको देखिन्छ । सूचनासन्धानमा निपुर्ण जैविक मानवले यन्त्रमानवका संरचनामाथि नियन्त्रण र नियमन प्रणाली व्यवस्थिति गरेको हुन्छ । यस्तो प्रणाली कृत्रिम बौद्धिकतामा आधारित हुन्छ तर यसको बोध भने जैविक मानवमा नै हुनुपर्छ अन्यथा रोबोटको नियन्त्रणहीन अवस्था देखापर्छ । "यन्त्रमानव बाह्य विद्युतीय शक्तिबाट चल्छन् र तिनको नियन्त्रण कृत्रिम प्रज्ञा (आर्टिफिसियल इन्टेलिजेन्स/एआइ) ले स्वचालित रूपमा गरेको हुन्छ" (एटम, २०७९, पृ.११) । सञ्चार प्रविधिमा आधारित यी सबै उपलब्धीको निर्माता पनि मानव हो भने यस्ता उपलब्धिको प्रतिफल प्राप्त गर्न पनि सूचनासन्धानमा निपुर्ण मानव नै हुनुपर्छ । त्यसैले सूचना र प्रविधिका नवीन भौतिक तथा अभौतिक काल्पनिकीसँगै चलेको आजको मानव नै उत्तर मानव हो ।

*सावर्णि* उपन्यासका पात्रहरू उत्तर मानवीय स्वभाव र प्रकृतिले निर्मित छन् । जैवप्रविधि मानव, यन्त्रमानव तथा मानवको शरीरभित्र नै निवेषण (input) गरिने र मानवको शरीरको जैविक प्रणालीले सहजरूपमा ग्रहण गर्ने विशेष प्रविधिको प्रयोग यस उपन्यासका पात्रमा गरिएको छ । आज मानवको मस्तिष्कमा विशेष प्रविधि नानो यन्त्र जडान गरेर शरीरमा सञ्चारित विद्युतीय प्रणालीको यान्त्रिक सङ्केतन व्यवस्था व्यवहारमा आएको स्थिति छ । यसै गतिमा प्रविधिमा नवप्रवर्तनका स्वरूप विकसित भएमा शरीरमा नै जडान गर्न सकिने पिए (पर्सनल असिस्टन्स) को पनि आविष्कार हुने दिन आउने कल्पनालाई यस उपन्यासमा प्रयोग गरिएको छ । "देरिका मस्त निद्रामा छे । उसको पर्सनल असिस्टन्स देरिक उसको निगरानी गर्दै छ । मुटुको चाल, ब्लड प्रेसर, अक्सिजन लेभल, सपना, अचेतन मन, चेतना, हर्मोनको विकासलगायत सूचक उमेरअनुसार सही छन्" (पृ.२६) को अवस्थामा मानवको शरीररचना प्रणाली विकास गरिएको छ । देरिक देरिकालाई जैविक रूपले नै मूल्याङ्कन, मापन र निर्देशन दिने वैकल्पिक प्रणाली हो । देरिकलाई प्राप्त भएको सूचना र त्यसको जैविकीय अवस्थामापनअनुसार देरिकको रोबोटलाई आवश्यक तयारीका निम्ति निर्देशन दिइन्छ । एउटा जैवप्रविधि मानव उसका दुई वटा सहयोगी (पहिलो शरीरमा नै निविष्ट गरिएको, दोस्रो यन्त्रमानव) को सहाराले चल्ने अवस्था छ । यसबाट प्रविधिमा मानले आज गरेको द्रूत गतिको विकास तथा नवीनताका स्वरूप यसैगरी बृद्धि भएमा पृथ्वीमा यस्ता जैवप्रविधि मानवको अस्तित्व आउने कल्पना गरिएको छ । पिए र रोबोटको निगरानी बिना चल्न नसक्ने अवस्था वसुको पनि छ । "वासुको पर्सनल असिस्टेन्स (वासुकी) एक्साइटेड भयो । खुशीको सङ्गीत मधुर आवाजमा गुञ्जिन थाल्यो । वासुको मुटुको गति २० प्रतिशतले बढ्यो । डोपामिनको लेभल १५ प्रतिशतले बढ्यो" (पृ.२७) बाट हरेक जैवप्रविधि मानवको शरीरमा उसको शरीरको जैविक र रासायनिक पिण्डको गुणअनुसार तयार गरिएका पिए शरीरभित्र नै जडान गरिएको अवस्था पुष्टि भएको छ । आफूमा जडान गरिएको प्रविधिको निर्देशनअनुसार चल्न पनि सूचना सन्धानमा निपुर्ण मानवकै कल्पना देखिन्छ । "बच्चाको नामकरण टोलीले बच्चा, आमा र बाबाको जिन, पुर्वजको इतिहास केलाउँदै उपयुक्त नाम खोज्दै थिए । त्यस्तै भविष्यवाणी टिमले जन्मकुण्डली, बच्चाको जिन तथा सम्पूर्ण कारकहरूको अध्ययन गर्दै थिए र अन्तिम टोली बच्चाका लागि पिए प्रत्यारोपण गर्न आवश्यक तयारी गर्दै थियो" (पृ.४३) मा किसनको जैवप्रणाली र त्यसको सूक्ष्मतम गुण अध्ययन गरेर पिए जडानको तयारीलाई पुष्टि गरिएको छ । यो लाखौँ वर्षपछिको पृथ्वीको दिक् भए तापनि आज मानवले फोटोइलेक्ट्रिक प्रणाली प्रयोग गरी शरीरका विभिन्न अङ्गको रिपोर्ट तयार गरेको छ । यस्ता रिपोर्टका आधारमा कुन उमेर समूहको व्यक्तिको स्वाभाविक स्थिति कस्तो हुनुपर्ने र यहाँ कस्तो देखियो भनी मूल्याङ्कन गरिएको छ । यसैलाई सम्भावनको सत्याभास हुनेगरी यस उपनयासमा स्वैरकाल्पनिक रूपले प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

*सावर्णि* (२०८१) उपन्यासकार श्रीधर खनालको विज्ञान विषयक स्वैरकाल्पनिक उपन्यास हो । यस उपन्यासमा आजको मानवले बाँचेको सूचनाप्रविधिपूर्ण परिवेशलाई अन्तर्विषयक रूपले आख्यानीकरण गरिएको छ । अर्थात् आज

मानिस सनातन आस्था र विश्वास, अन्तरिक्षीय परिवेशले सृजना गरेका जिज्ञासा, मानवशरीरका विषयमा गरिएका जैवरासायनिक खोज, भौतिक पदार्थ तथा तिनको पिण्डप्रणलीमा अन्तर्निहित ऊर्जालागायतका विषयलाई समष्टिमा स्वैकाल्पनिक रूपले आख्यानीकरण गरिएको छ । उपन्यासकार खनालले यी सबै पक्षलाई विज्ञानको केन्द्रीयतामा स्वैरकाल्पनिक रूपले प्रस्तुत गरेका छन् । मानवको वर्तमान अवस्था एकाएकको स्थिति होइन । यसको लामो विगत छ । यस्तो विगतलाई मिथकीय कोणले यस उपन्यासमा आख्यानीकरण गरिएको छ । त्यसैगरी मानवले आफू बसेको ग्रहलाई सौर्यमण्डलको एक सदस्यका रूपमा बोध गरेको स्थितिबाट आगामी सुदूर भविष्यमा अन्य ग्रहसँगको सम्पर्क, मानव बस्ती विकास र तदनुरूपका जीवनप्रणालीलाई स्वैरकाल्पनिक रूपले प्रस्तुत गरिएको छ । मानव आज प्रविधिको प्रयोग गरी जीवनको शक्यता बृद्धिमा जुटेको छ । यही गतिले मानवले शक्यता निर्माणमा आर्थिक तथा मानसिक लगानी बढाउँदै लगेमा उसको आगत कृत्रिम बौद्धिकताले घेरिको हुने र सृजनात्मक गुण जैविक तथा प्राकृतिक रूपले नै समाप्त हुने स्वैरकाल्पना पनि यस उपन्यासमा देखिन्छ । मानवमा प्राकृतिक रूपले रहेका संवेगात्मक गुण हसोन्मुख गतिमा रहेको र यही गतिमा यो क्रम विकास भए मानव केवल बाह्य सूचनामा मात्र निर्भर रहने तथा सृजनात्मक पक्ष मस्तिष्कबाट नै समाप्त प्रायः हुने स्थितिको पनि स्वैकाल्पनिक रूपले प्रस्तुत गरिएको छ । मानको हित, मानव जातिको जैविक प्रणालीको रक्षा तथा पृथ्वीमा उपलब्ध पर्याचक्रीय सन्तुलनप्रतिको आस्थामा उपन्यासकार निकै संवेदनशील छन् । प्रविधि मानवका लागि हो तर मानव प्रविधिका लागि होइन । मानवले आफ्नो अहङ्कारलाई समयमै सन्तुलित गर्न नसक्ता र आणविक ऊर्जाको प्रतिस्पर्धालाई विश्वास गरी संयमलाई कमजोर बनाउँदाको अवस्थामा भयानक विनाश हुन्छ । पृथ्वीको पर्याचक्रीय सन्तुलनलाई जोगाएर आफ्ना जैविक गुण रक्षाका निम्ति मानवले आज नै गम्भीर भई सोच्नुपर्ने बेला आएको मानवतावादी विचार नै *सावर्णि* उपन्यासको वैचारिक आधार देखिन्छ ।

**सन्दर्भ सामग्रसूची**


एटम, नेत्र (२०७९), *नेपाली विज्ञानकथाको परम्परा*, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

उपाध्याय, मुक्तिप्रसाद (सन् २०१९), *कान्छी विज्ञान उपन्यास*, साइन्स पब्लिसिङ हाउस प्रा.लि.।

उपाध्याय, लोकनाथ (सन् २०१९), "कान्छीलाई नियालेर हेर्दा", *भूमिका*, मुक्तिप्रसाद उपाध्याय, कान्छी, साइन्स पब्लिसिङ हाउस प्रा.लि. ।

कोइराला, कुमारप्रसाद (२०७५), *उपन्यास र मिथक सिद्धान्तका आलोकमा माधवी*, स्वदेश प्रकाशन प्रा.लि. ।

खनाल, श्रीधर (२०८१), *सावर्णि*, बुकहिल पब्लिकेसन प्रा.लि. ।

ढकाल, दीपकप्रसाद (२०७९), "जिरो कटेज उपन्यासमा कृत्रिम बुद्धिमत्ताको प्रयोग", *सरस्वती सदन*, ६(१), पृ.३८–४६ ।

ढकाल,दीपकप्रसाद (२०७८), "जिरो कटेज उपन्यासमा अधिपाठीय प्रयोग", *के. एम्. सी. नेपाली जर्नल*, ४(४), पृ.४५–५४ ।

ढुङ्गाना, नीलमणि (२०७८), *व्युत्पत्तिमूलक संस्कृत–नेपाली शब्दकोश*, साझा प्रकाशन ।

नेपाल, मङ्गलकुमार (२०५९), *सङ्क्षिप्त श्रीमद्भागवत कथामृत*, साझा प्रकाशन ।

बारनेट, लिंकन (सन् १९५८), *डा. आइस्टिन और ब्रह्माण्ड*, पर्ल पब्लिकेसन प्राइवेट लिमिटेड ।

मिश्र, वीरेन्द्रप्रसाद (२०७९), *नेपालको दर्शन परम्परा*, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

लामिछाने, शोभाकान्त (२०७८), *क्वान्टम सिद्धान्त आधुनिक विज्ञानको नवीनतम अन्वेषण*, इन्डिगो इन्क प्रा.लि.।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण*, ओरियन्टल पब्लिकेसन हाउस ।

*श्रीमद्भागवतगीता* (सन् २००१), दुर्गा साहित्यभण्डार ।

Abrams, M.H. (A.D.2004). *A Glossary of Literary Terms*, 7th, Thomson Asia, Pvt. Ltd.